गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्न ऐन, २०६६

नेपाल सरकार

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

सिंहदरबार

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्न ऐन, २०६६

प्रमाणीकरण र प्रकाशन मिति

२०६६।१०।०७

संवत् २०६६ को ऐन नं. ९

गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानूनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : प्रचलित कानूनमा रहेको राजतन्त्रको सन्दर्भ अन्त्य गरी गणतान्त्रिक व्यवस्थाको सन्दर्भ कायम गर्न र अन्य केही विषयहरुमा समेत सामयिक सुधार गर्न केही नेपाल कानूनलाई संशोधन गर्न वाञ्छनीय भएकोले, नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ को उपधारा (१) बमोजिम संविधान सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्न ऐन, २०६६" रहेको छ ।

(२) यो ऐन संवत् २०६५ साल जेष्ठ १५ गतेदेखि लागू भएको मानिनेछ ।

२२. **मुलुकी ऐनमा संशोधनः** मुलुकी ऐनको,-

(१) प्रारम्भिक कथनको ३ नं. को खण्ड (क) को सट्टा देहायकको खण्ड (क) राखिएको छः-

"(क) "नेपाल" भन्नाले नेपाल राज्य सम्झनु पर्छ ।"

(२) अदालती बन्दोवस्तको,-

(क) ७१ख.नं को ठाउँ ठाउँमा रहेको "शाही" भन्ने शब्द झिकिएको छ।

(ख) ११८ नं. को दफा १ झिकिएको छ ।

(ग) १४१ नं. मा रहेका "राजगद्दी, राजपरिवारको गाथ वा" भन्ने शब्दहरु झिकिएका छन्।

(३) कागज जाँचको महलको ४ नं. को ठाउँ ठाउँमा रहेका "लालमोहर हुने" भन्ने शब्दहरुको सट्टा "प्रमाणीकरण हुने" भन्ने शब्दहरु राखिएका छन् ।

(४) कीर्ते कागजको महलको ८ नं. मा रहेका "लालमोहर वा लालमोहर लागेको कागज" भन्ने शब्दहरुको सट्टा "लालमोहर लागेको वा प्रमाणीकरण भएको कागज" भन्ने शब्दहरु राखिएका छन्।

(५) ज्यान सम्बन्धी महलको ४ नं. मा रहेका "सरकारी अभियोक्ता" भन्ने शब्दहरुको सट्टा "सरकारी वकील" भन्ने शब्दहरु राखिएका छन् ।

(६) ठाउँ ठाउँमा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएको छ।

(७) ठाउँ ठाउँमा रहेका "राजगद्दी वा राजपरिवारको गाथ सम्बन्धी मुद्दा" भन्ने शब्दहरु झिकिएका छन् ।

(८) ठाउँ ठाउँमा रहेका "राजगद्दी वा राजपरिवारको गाथ सम्बन्धी वा" भन्ने शब्दहरु झिकिएका छन् ।

(९) ठाउँ ठाउँमा रहेका "राजगद्दी, राजपरिपारको गाथ वा" भन्ने शब्दहरु झिकिएका छन् ।

कानून तथा संसदीय मामिला मन्त्रालय

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय